# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर र नेपाल बैंकर्स संघका पदाधिकारीहरुबीच भेटघाट

गभर्नर डा. युवराज खतिवडा र नेपाल बैंकर्स संघका नव निर्वाचित पदाधिकारीहरुबीच पुस १ गते नेपाल राष्ट्र बैंकमा भेटघाट भयो । गत मंसिर १९ गते सम्पन्न नेपाल बैंकर्स संघका नवनिर्वाचित अध्यक्ष श्री उपेन्द्रकुमार पौडेलको नेतृत्वमा बैंकर्स संघका पदाधिकारीहरु गभर्नरज्यूसँग परिचय तथा भेटघाटका लागि नेपाल राष्ट्र बैंक आउनुभएको अवसरमा नेपाल राष्ट्र बैंक र नेपाल बैंकर्स संघबीच आपसी सहयोग र सहकार्यका क्षेत्र बारे छलफल भएको थियो ।



भेटवार्तामा नेपाल बैंकर्स संघका निवर्तमान अध्यक्ष राजनसिंह भण्डारीले उहाँको कार्यकालमा बैंकिङ क्षेत्रको विकासका लागि ग्राहक पहिचान व्यवस्थामा परिमार्जन, नेपाल क्लियरिङ हाउस लि.को सुसञ्चालन आदि कार्य भएकोमा गभर्नरज्यूलाई धन्यवाद दिनु भएको थियो भने बाँकी रहेका विषय आउँदा दिनमा सुल्झने आशा व्यक्त गर्नु भएको थियो । नवनिर्वार्चित अध्यक्ष श्री उपेन्द्रकुमार पौडेलले बैंकिङ क्षेत्रको विकासमा दुबै संस्था मिलेर लाग्ने प्रतिबद्धता व्यक्त गर्दै सबै विषयलाई आपसी समझदारीमा समाधान गर्ने विचार व्यक्त गर्नुभयो ।

गभर्नर डा. युवराज खतिवडाले पदाधिकारीहरुसँगको भेटघाटमा विगत केही वर्षमा बैंकिङ क्षेत्रमा प्रत्यक्ष अनुभव गर्न सकिने सुधार आएको बताउनु भयो । उहाँले वित्तीय क्षेत्र स्थायित्वमा उल्लेखनीय प्रगति हुनु, बैंकको पुँजी वृद्धि हुनु र खराब कर्जा घट्नु सकारात्मक उपलब्धि भएको धारणा राख्नु भएको थियो । सरकारी लगानीमा रहेका बैंकहरु पनि अब पुँजी र आफ्नै व्यवस्थापनमा चल्ने वातावरण बनेको जानकारी उहाँले दिनुभयो । वाणिज्य बैंकहरुले आफ्नो सेवा र सोको मूल्यबारे ग्राहकलाई स्पष्ट र प्रभावकारी सूचना दिन अझै प्रयास गर्नुपर्ने धारणा राख्दै उहाँले बैंकको आधारभूत कार्यमा करारका कर्मचारीलाई राख्ने प्रवृत्तिमा पुनर्विचार गर्नुपर्ने सुझाव दिनुभयो ।

वाणिज्य बैंक सञ्चालक तथा व्यवस्थापक र नेपाल राष्ट्र बैंकका बीच बैंकिङ क्षेत्रको विकासका सम्बन्धमा दृष्टिकोणको पार्थक्यका कारण फरक धारणा हुनु स्वभाविक भएको प्रतिक्रिया दिदै गभर्नर डा. खतिवडाले दीर्घकालीन सोच राखी मूल्याङ्कन गर्दा नेपाल राष्ट्र बैंकका काम कारबाहीले समग्र बैकिङ क्षेत्रको हित गर्ने धारणा राख्नु भयो ।

गभर्नर डा. खतिवडाले नवनिर्वाचित पदाधिकारीहरुलाई बधाइ ज्ञापन गर्दै निवर्तमान अध्यक्षलाई धन्यवाद दिनुभएको थियो ।

**२०७१ पौष १ गते मंगलबार**

**गभर्नरको कार्यालय**